RELYANCE LIFE INSURANCE
खुलेर जिऔं

# आर्थिक बर्ष २०७९/८० को प्रथम त्रैमासिक (आश्विन मसान्त) सम्मको वित्तीय विवरण

(रकम रु. हजारमा)

| क्र.सं. | विवरण | लेखा परिक्षण नभएको<br>यस त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा | लेखा परिक्षण नभएको<br>अघिल्लो आ.व. को सम्बन्धित त्रैमासिकका अन्त्य सम्ममा |
|---|---|---|---|---|
| | **वासलात** | | | |
| १ | श्रोत (१.१ देखि १.५ सम्म) | ६,४५९,९१९ | ६,१०३,०७२ | ५,४१४,४७२ |
| १.१ | चुक्ता पूंजी | २,१००,००० | २,१००,००० | २,१००,००० |
| १.२ | जगेडा तथा कोष | ३६९,५१५ | २१५,२१० | २६३,४९० |
| १.३ | जीवन बीमा कोष | ३,९३७,२४५ | ३,७५१,६६९ | ३,०२१,७०५ |
| १.४ | महाबिपत्ती कोष जगेडा | ५३,१६० | ३६,१९३ | २९,२७७ |
| १.५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | - | - | - |
| २ | उपयोग(२.१ देखि २.६ सम्म) | ६,४५९,९१९ | ६,१०३,०७२ | ५,४१४,४७२ |
| २.१ | स्थिर सम्पति(खुद) | ६८,३९८ | ६८,६०६ | ७१,४४७ |
| २.२ | दीर्घकालिन लगानी तथा कर्जा | ४,१०६,३१० | ३,५०६,९४६ | २,५६१,८४१ |
| २.३ | बीमालेखको धितोमा कर्जा | ५६६,१६२ | ४८५,८४१ | २५१,५६३ |
| २.४ | अन्य दीर्घकालिन कर्जा | ४८,२३८ | ५३,०५१ | ७६,२३० |
| २.५ | खुद चालु सम्पत्ती (३-४) | १,६७०,८११ | १,९८८,६२७ | २,४५३,३९० |
| २.६ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च | - | - | - |
| २.७ | नाफा नोक्सान हिसावबाट सारेको नोक्सान | - | - | - |
| | खूद चालु सम्पत्तीको विवरण | - | - | - |
| ३ | चालु सम्पत्ती कर्जा तथा पेश्कीहरु (३.१ देखी ३.३ सम्म) | २,७८०,४६२ | ३,०४१,०८८ | ३,०६७,९२० |
| ३.१ | नगद तथा बैंक मौज्दात | २८६,२१० | ३१८,०२९ | २१५,००० |
| ३.२ | अल्पकालीन लगानी तथा कर्जा | २,११७,९४९ | २,३७५,८५० | २,५९६,४१४ |
| ३.३ | अन्य सम्पत्ती | ३७६,३०३ | ३४७,२०९ | २५६,५०७ |
| ४ | चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखी ४.४ सम्म) | १,१०९,६५२ | १,०५२,४६० | ६१४,५३१ |
| ४.१ | चालु दायित्व | ५१५,२२५ | ५१९,१५९ | ५६०,६५६ |
| ४.२ | असमाप्त जोखिम वापत व्यवस्था | १४२,६६० | २३१,५४९ | १५,५४८ |
| ४.३ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ३८९,८०९ | २६४,८७१ | ५,००१ |
| ४.४ | अन्य व्यवस्था | ६१,९५८ | ३६,८८२ | ३३,३२५ |
| | **नाफा नोक्सान हिसाव** | | | |
| १ | आम्दानी (१.१ देखि १.५ सम्म) | १६२,७३१ | १९८,१७१ | ६६,०३७ |
| १.१ | आय व्यय हिसावबाट सारेको | १०६,४६४ | १९,५५१ | १७,५१६ |
| १.२ | जीवन बीमा कोषवाट सारेको | - | - | - |
| १.३ | लगानी कर्जा तथा अन्यवाट आय | ५६,२६७ | १७७,६७० | ४८,२८६ |
| १.४ | व्यवस्था फिर्ता | - | - | - |
| १.५ | अन्य आम्दानी | - | ९४९ | २३५ |
| २ | व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८ सम्म) | ३०,९५० | ७६,०४१ | २४,४८१ |
| २.१ | व्यवस्थापन खर्च | ९,४५९ | ५३,१३७ | ११,०२५ |
| २.२ | अपलेखन खर्च | - | २९० | - |
| २.३ | शेयर सम्बन्धी खर्च | ४२० | ७१६ | ५७० |
| २.४ | अन्य खर्चहरु | २०५ | ७२१ | ५७ |
| २.५ | नोक्सानीको लागी व्यवस्था | ६,२२४ | ७,६०७ | ८,२१२ |
| २.६ | कर्मचारी आवास व्यवस्था | - | - | - |
| २.७ | कर्मचारी वोनस व्ययवस्था | १४,६४२ | १३,५७० | ४,६१७ |
| २.८ | समायोजित आयकर | - | - | - |
| २.९ | जीवन बीमा कोषमा सारेको | - | - | - |
| | खुद नाफा/नोक्सान(१-२) | १३१,७८१ | १२२,१३० | ४१,५५६ |
| | **एकिकृत आय व्यय हिसाव** | | | |
| १ | आय (१.१ देखी १.७ सम्म ) | १,३३६,३०५ | ३,४२०,५७४ | ८४२,१५८ |
| १.१ | बीमाशूल्क (खूद) | ७२९,९४० | २,९९२,६०९ | ७३५,५५० |
| १.२ | पुनर्बीमा कमिसन आय | - | - | - |
| १.३ | लगानी, कर्जा तथा अन्यवाट आय | ९४,३७४ | ३१६,६११ | ५८,६५० |
| १.४ | बीमालेखको धितोमा कर्जावाट आय | १३,१७३ | ३२,४५२ | ५,८८६ |
| १.५ | अन्य प्रत्यक्ष आय | २,२६१ | ७,९४८ | १,५२१ |
| १.६ | त्रैमासिकको शुरुको भूक्तानी हुन बाँकी दावी बापत व्यवस्था | २६५,००८ | २,५९१ | - |
| १.७ | त्रैमासिकको शुरुको असमाप्त जोखिम बापत व्यवस्था | २३१,५४९ | ६८,३६५ | ४०,५५१ |
| २ | व्यय (२.१ देखी २.१० सम्म) | १,०००,४९२ | २,२५०,८७५ | ४०७,९११ |
| २.१ | दाबी भुक्तानी (खुद ) | २७६,१२१ | ७७९,६६८ | १४२,९२३ |
| २.२ | अभिकर्ता कमिशन | ९९,२२६ | ४६३,४१४ | १३६,३९९ |
| २.३ | स्वास्थ्य परीक्षण शुल्क | २४९ | ३,२१५ | १,४६० |
| २.४ | पुनर्बीमा कमिशन खर्च | - | - | - |
| २.५ | सेवा शुल्क (खुद) | ७,२९९ | २९,९२६ | ७,३५६ |
| २.६ | अन्य प्रत्यक्ष खर्च | - | - | - |
| २.७ | व्यवस्थापन खर्च | ८५,१२७ | ४७८,२३३ | ९९,२२४ |
| २.८ | आयकर | - | - | - |
| २.९ | त्रैमासिकको अन्त्यको भुक्तानी हुन बाँकी दाबी बापत व्यवस्था | ३८९,८०९ | २६४,८७१ | ५,००१ |
| २.१० | त्रैमासिकको असमाप्त जोखिम बापत व्यवस्था | १४२,६६० | २३१,५४९ | १५,५४८ |
| ३ | वचत(१-२) | ३३५,८१३ | १,१६९,६९९ | ४३४,२४७ |
| ३.१ | जीवन बीमाकोषमा सारेको | २२९,३४९ | १,१५०,१४८ | ४१६,७३२ |
| ३.२ | नाफा नोक्सान हिसाबमा सारेको | १०६,४६४ | १९,५५१ | १७,५१६ |
| | **अन्य विवरण** | | | |
| १ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (यस आ.व.) | ७६४,९४० | ३,१८३,०७७ | ७९५,८८१ |
| २ | कुल बीमाशूल्क आर्जन रकम (रु. हजारमा) (हाल सम्म) | ८,७९१,८२७ | ८,०२६,८८७ | ५,६३९,६९२ |
| ३ | कुल जारी बीमालेखको संख्या (यस आ.व.) | १६२,३३४ | १,१००,४४९ | ९१,९८९ |
| ४ | कूल दावी भुक्तानी रकम (रु. हजारमा) (यस आ.व.) | ३०१,४६६ | ९४८,७६६ | १६७,३४९ |
| ५ | कूल दावी भुक्तानी संख्या (यस बर्ष) | ३७० | १,५२८ | १९१ |
| ६ | भुक्तानी हुन बाँकी दावी रकम (आंशिक अवधि समाप्ती दावी सहित) (रु. हजारमा) | ३८८,३६५ | २६४,४६१ | ४,३४९ |
| ७ | भुक्तानी हुन बाँकी मृत्यु दावी संख्या | ३४ | ८ | ४८ |

द्रष्टव्य:
१. लेखापरिक्षण नभएका अंकहरु नियमन निकायको निर्देशन तथा लेखापरिक्षण पश्चात हेरफेर हुन सक्नेछन्।
२. कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम बापतको व्यवस्था बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ।
३. कम्पनीको माथि उल्लेखित मुनाफा बीमाङ्कीय मुल्यांकन पश्चात परिवर्तन हुन सक्नेछ।
४. यस वित्तिय विवरणमा स्थगन कर आय/खर्च गणना गरिएको छैन।

## आ.व.२०७९/८० को प्रथम त्रैमासिक प्रतिवेदन
## (धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम (१) को प्रयोजनका लागि)

**१. वित्तीय विवरण:**

**क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण : यस कम्पनीको आ.व. २०७९/८० को प्रथम त्रैमासिकको वासलात, नाफा नोक्सान सम्बन्धी वित्तीय विवरण यसैसाथ प्रकाशित गरिएको छ।**

कम्पनीले आ.व. २०७९/८० को प्रथम त्रैमास सम्ममा रु. १३.१७ करोड खुद नाफा आर्जन गर्न सफल भएको छ। गत वर्ष सोहि अवधिमा भएको खुद नाफाको दाँजोमा यस समीक्षा अवधिमा मुनाफामा २१७.११ प्रतिशतको बृद्धि भएको छ। यस समीक्षा अवधिमा आय व्यय हिसावबाट रु. २२.९३ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु. ३.९३ अर्ब भएको छ जुन गत बर्ष सोही अवधिसम्मको कुल जीवन बीमाकोष रु. ३.०२ अर्बको तुलनामा ३०.३० प्रतिशतको बृद्धि हो।

कम्पनीले आ.व. २०७९/८० को प्रथम त्रैमास सम्ममा रु. ३०.१४ करोड कुल दावी भुक्तानी गरेको छ। कम्पनीले आ.व. २०७९/८० को प्रथम त्रैमास सम्ममा रु. ६.८३ अर्ब लगानी गर्न सफल भएको छ, जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ५.४९ अर्ब मा २४.६६ प्रतिशतको बृद्धि हो।

**ख) सम्बन्धित पक्ष (Related Party) बीच भएको कारोबार सम्बन्धी विवरण :** समीक्षा अवधिमा प्रचलित नियम कानूनको अधिनमा रहि संचालकसंग सम्बन्धित संस्थामा कार्यरत कर्मचारी तथा संचालकसंग सम्बन्धित व्यक्तिको बीमा सम्बन्धि कारोबारको विवरण निम्नानूसार छ।

| | |
|---|---|
| **कारोबारको किसिम :** संचालकसंग सम्बन्धित व्यक्ति वा संस्थामा कार्यरत कर्मचारीको जीवन बीमाशूल्क बापतको आम्दानी | **कारोबार रकम :** रु. ६६,७७८ |

**ग) प्रमुख बित्तीय अनुपातहरु :** बीमाङ्कीय मुल्यांकन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ।

| | |
|---|---|
| **प्रति शेयर आम्दानी (वार्षिकरण)* :** रु. २५.१० | **मूल्य आम्दानी अनुपात :** १३.३५ |
| **प्रति शेयर नेटवर्थ :** रु. १२०.१३ | **प्रति शेयर कुल सम्पत्तिको मूल्य :** रु. ३०७.६२ |

* प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर कारोबार मुल्य लिइएको छ।

**२. व्यवस्थापकिय विश्लेषण:**

(क) कम्पनीको आ.व. २०७९/८० को प्रथम त्रैमासिक अवधिमा कुल बीमाशुल्क रु. ७६.४९ करोड रहेको छ जुन गत आ.व. को सोही अवधिमा प्राप्त कुल बीमा शुल्क रु. ७९.५९ करोड तुलनामा ३.८९ प्रतिशतले कमि भएको हो। त्यसैगरी संकलित प्रिमियम तथा जगेडा कोषहरुमा रहेको रकमलाई दीर्घकालीन/अल्पकालीन मुद्रा बजारका उपकरणहरुमा लगानी गरी ब्याज आर्जन गर्न सफल भएको छ।

(ख) बीमा शिक्षा, बीमा सचेतना, बीमा विस्तार लगायतका काममा अग्रसर रही बजारको माग अनुरुप नयाँ बीमा योजनाहरु प्रस्तुत गरी समग्रमा बिमीतहरुको हितलाई केन्द्रविन्दुमा राखी बीमा बजार विस्तार गर्दै सेवाग्राहिहरुलाई व्यावसायिक बीमा सेवा उपलब्ध गराउने कार्य जारी छ।

**३. कानूनी कारवाही सम्बन्धी विवरण:** सो नभएको।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण :**

(क) शेयरको मुल्य बजारमा हुने कारोवारले निर्धारण गर्दछ।

(ख) त्रैमासिक अवधिको शेयर कारोवारको विवरण :

- यस कम्पनीले मिति २०७९/०३/२९ मा सानिमा लाईफ इन्स्योरेन्स लि. संग गाभ्ने/गाभिने सम्बन्धि सम्झौता सम्पन्न गरेको र सोहि देखि शेयर कारोबार समेत रोक्का रहेको हुंदा यस त्रैमासिक अवधिमा शेयर कारोबार नरहेको छ।
- यस कम्पनीको शेयर कारोबार रोक्का हुनु अधिको अन्तिम मूल्य रु. ३३५ रहेको छ।

**५. समस्या तथा चुनौती:** जीवन बीमाक्षेत्रका मुख्य समस्या तथा चुनौतीहरु निम्नानुसार रहेका छन्:

- नेपालका सम्पूर्ण भूभागमा जीवन बीमा सम्बन्धि सचेतना फैलाउने कार्य भईरहेको भएतापनि देशको विकटतम भौगोलिक स्थितीका कारण धेरै स्थानमा जीवन बीमा सम्बन्धि सचेतना कार्यक्रम, बीमा शिक्षाका कार्यक्रमहरु नियमित रुपले सञ्चालन गर्न अनुकुल नभएको कारण अझ पनि जनमानसमा जीवन बीमा बारे जनचेतनाको कमी रहनु।
- सिमित लगानीका क्षेत्रहरु।
- विगत केहि समयदेखि विश्वव्यापी महामारीका रुपमा देखापरेको कोभिड १९ ले विश्व तथा नेपालको अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु।
- तरलता संकटले अर्थतन्त्रमा पारेको प्रतिकुल असरहरु।
- नयाँ योजनाहरु जारी गर्न अनुसन्धान तथा विकासको लागि पर्याप्त र अद्यावधिक तथ्याङ्कको अभाव।
- जीवन बीमा व्यवसायमा व्यवसायिक अवधारणाको विकास द्रुत गतिमा हुन नसकेको।

**६. संस्थागत सुशासन :** विद्यमान ऐन कानून तथा नियमन निकायबाट जारी गरिएका निर्देशनको पालना गर्नुका साथै कम्पनीको सञ्चालक समितिले समय समयमा निर्णय गरी लागु गरेका विभिन्न निति नियमहरु बमोजिम व्यवसायिक सुशासन तथा पारदर्शिताका आधारमा आफ्नो कार्यसम्पादन गरिआएको छ। साथै कम्पनीका सञ्चालक एवं व्यवस्थापन तहका पदाधिकारीहरु रहने गरी लेखापरिक्षण समिति, आर्थिक समिति, लगानी समिति, मानव संसाधन समिति, जोखिम व्यवस्थापन समिति, दावी भुक्तानी समिति, वित्तीय सल्भेन्सी र पूनर्बीमा समिति, कर्मचारी सम्बन्ध समिति र आवश्यकता अनुसार सञ्चालक र व्यवस्थापनका पदाधिकारीहरुको संलग्नतामा समेत विभिन्न समिति/उपसमितिहरु मार्फत सामूहिक रुपमा निर्णयहरु गरी जोखिमलाई कमी गर्ने, उच्चस्तरीय तथा आधुनिक सूचना प्रविधिको उपयोग गरी स्वतन्त्र रुपमा नियमित आन्तरिक लेखापरिक्षण गरी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाई संस्थागत सुशासनको पालना उच्च रुपमा गरिआएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:** आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।


रिलायन्स लाइफ इन्स्योरेन्स लिमिटेड
नयाँ वानेश्वर, काठमाडौं, नेपाल, फोन नं: ०१-५९७०४००
info@relifeinsurance.com, www.relifeinsurance.com